
Vol.13
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2020.12

## ट्याब्लेटको माध्यमद्वारा गरिने दोभासे सम्बन्धी जानकारी



ओता सहर कार्यालयको मुख्य भवन, उपशाखा कार्यालय, बहुभाषी परामर्श काउन्टर जस्ता 25 ठाउँहरूमा ट्याब्लेटको माध्यमद्वारा गरिने दोभासेको व्यवस्था गरिएको छ। ट्याब्लेट टर्मिनलको स्क्रिनमा दोभासेलाई उपस्थित गराई, दोभासेको माध्यमद्वारा परामर्श लिन वा आवश्यक प्रक्रियाहरू गर्न सकिन्छ।

**उपलब्ध भाषा: 10 राष्ट्रका भाषाहरू**
(अंग्रेजी, चाइनिज, कोरियन, स्पेनिश, पोर्चुगिज, भियतनामिज, तागालोग, थाई, नेपाली)

**कहिले**

①～㉕ मा व्यवस्था गरिएको छ।

- ① समग्र रिसेप्सन (मुख्य भवन 1F)
- ② पारिवारिक निवासी दर्ता शाखा (मुख्य भवन 1F)
- ③ कर शाखा (मुख्य भवन 4F)
- ④ कर भुक्तानी शाखा (मुख्य भवन 4F)
- ⑤ नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा (मुख्य भवन 4F)
- ⑥ स्वास्थ्य तथा चिकित्सा नीति शाखा (मुख्य भवन 6F)
- ⑦ स्वास्थ्य सेवा व्यवस्थापन शाखा (मुख्य भवन 6F)
- ⑧ संक्रामक रोग नियन्त्रण शाखा (मुख्य भवन 6F)
- ⑨ बाल सेवा सहायता शाखा (मुख्य भवन 3F)
- ⑩ शिशु स्याहार सेवा शाखा (मुख्य भवन 3F)
- ⑪ कल्याण व्यवस्थापन शाखा (मुख्य भवन 8F)
- ⑫ अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा (मुख्य भवन 6F)
- ⑬ ओमोरी निसी विशेष उपशाखा कार्यालय
- ⑭ इरिआराइ विशेष उपशाखा कार्यालय
- ⑮मागोमे विशेष उपशाखा कार्यालय
- ⑯ इकेगामी विशेष उपशाखा कार्यालय
- ⑰ युकिगाया विशेष उपशाखा कार्यालय
- ⑱ सेन्जोकु विशेष उपशाखा कार्यालय
- ⑲ कोजिया विशेष उपशाखा कार्यालय
- ⑳ रोकुगो विशेष उपशाखा कार्यालय
- ㉑ खामाता निसी विशेष उपशाखा कार्यालय
- ㉒ खामाता हिगासी विशेष उपशाखा कार्यालय
- ㉓ बाल परिवार सहयोग केन्द्र
- ㉔ अन्तर्राष्ट्रिय सहर ओता संघ, बहुभाषी परामर्श काउन्टर
- ㉕ खामाता समाज कल्याण शाखा

| | |
|---|---|
| कहिले | सोमबार~शुक्रबार |
| शुल्क | निशुल्क |
| सम्पर्क | अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा<br>☎ 03-5744-1227　FAX 03-5744-1323 |



## वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको अवधि, बहुभाषी परामर्श काउन्टरको बिदा

**बिदा अवधि**

2020 साल डिसेम्बर 29 तारिख (मंगल)~2021 साल जनवरी 3 तारिख (आइत)
*कानुनी परामर्श पनि बिदा हुनेछ।

**सम्पर्क**

अन्तर्राष्ट्रिय सहर ओता संघ, बहुभाषी परामर्श काउन्टर
ओता सहर, खामाता 5-13-26, उपभोक्ता केन्द्र 1F
☎ 03-6424-8822　FAX 03-5710-6330
E-mail　info@ota-goca.or.jp
URL　https://www.ota-goca.or.jp

# वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको अवधिमा स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) सङ्कलन मितिबारे

डिसेम्बर 31 तारिख (बिही)~जनवरी 3 तारिख (आइत) को अवधि सम्पूर्ण सङ्कलन बिदा हुनेछ।
नयाँ वर्ष सुरु भएपछि, जनवरी 4 तारिख (सोम) देखि सामान्य रूपमा सङ्कलन गरिनेछ।

| सङ्कलन इलाका \ सङ्कलन मिति | | | 2020 साल डिसेम्बर | 2021 साल जनवरी |
|---|---|---|---|---|
| | सङ्कलन क्षेत्र | | वर्षको अन्तिम दिन | वर्षको सुरुको दिन |
| स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर | सोमबार इलाका | | 28 तारिख (सोम) | 4 तारिख (सोम) |
| | मंगलबार इलाका | | 29 तारिख (मंगल) | 5 तारिख (मंगल) |
| | बुधबार इलाका | | 30 तारिख (बुध) | 6 तारिख (बुध) |
| | बिहीबार इलाका | | 24 तारिख (बिही) | 7 तारिख (बिही) |
| | शुक्रबार इलाका | | 25 तारिख (शुक्र) | 8 तारिख (शुक्र) |
| | शनिबार इलाका | | 26 तारिख (शनि) | 9 तारिख (शनि) |
| जलाउन मिल्ने फोहोर | सोम, बिही इलाका | | 28 तारिख (सोम) | 4 तारिख (सोम) |
| | मंगल, शुक्र इलाका | | 29 तारिख (मंगल) | 5 तारिख (मंगल) |
| | बुध, शनि इलाका | | 30 तारिख (बुध) | 6 तारिख (बुध) |
| जलाउन नमिल्ने फोहोर (फुनेन गोमी) | महिनाको पहिलो र तेस्रो | सोमबार इलाका | 21 तारिख (सोम) | 4 तारिख (सोम) |
| | | मंगलबार इलाका | 15 तारिख (मंगल) | 5 तारिख (मंगल) |
| | | बुधबार इलाका | 16 तारिख (बुध) | 6 तारिख (बुध) |
| | | बिहीबार इलाका | 17 तारिख (बिही) | 7 तारिख (बिही) |
| | | शुक्रबार इलाका | 18 तारिख (शुक्र) | 15 तारिख (शुक्र) |
| | | शनिबार इलाका | 19 तारिख (शनि) | 16 तारिख (शनि) |
| | महिनाको दोस्रो र चौथो | सोमबार इलाका | 28 तारिख (सोम) | 11 तारिख (सोम) |
| | | मंगलबार इलाका | 22 तारिख (मंगल) | 12 तारिख (मंगल) |
| | | बुधबार इलाका | 23 तारिख (बुध) | 13 तारिख (बुध) |
| | | बिहीबार इलाका | 24 तारिख (बिही) | 14 तारिख (बिही) |
| | | शुक्रबार इलाका | 25 तारिख (शुक्र) | 8 तारिख (शुक्र) |
| | | शनिबार इलाका | 26 तारिख (शनि) | 9 तारिख (शनि) |
| ठूला आकारको फोहोर आवेदन दिनुपर्ने/शुल्क लाग्नेछ | | | [आवेदन स्थान]ओता सहर, ठूला आकारको फोहोर सङ्कलन केन्द्र<br>☎ 03-5465-5300<br>(8:00 am~7:00 pm/ शनि, आइतबार र सार्वजनिक बिदाको दिन पनि खुला रहनेछ)<br>तर, डिसेम्बर 29 तारिख (मंगल)~जनवरी 3 तारिख (आइत) भने बन्द रहनेछ। | |

वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको अवधिमा, सामान्य दिनहरू भन्दा सङ्कलन समय र सङ्कलन कोर्समा ठूलो परिवर्तन गर्न सकिने अवस्थाहरू हुन सक्छन्। स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) फाल्नको लागि निकाल्ने समयको सन्दर्भमा, सङ्कलन गरिने दिन बिहान 8 बजे सम्ममा सङ्कलन स्थानमा राख्न अनुरोध गर्दछौं।


| सम्पर्क | | | |
|---|---|---|---|
| | सरसफाइ शाखा | ☎ 03-5744-1628 | FAX 03-5744-1550 |
| | ओमोरी सरसफाइ कार्यालय | ☎ 03-3774-3811 | FAX 03-3775-6028 |
| | च्योफु सरसफाइ कार्यालय | ☎ 03-3721-7216 | FAX 03-3722-3478 |
| | खामाता सरसफाइ कार्यालय | ☎ 03-3732-5545 | FAX 03-3739-4889 |




# बालबालिका भत्ताको वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको प्रक्रियाबारे

डिसेम्बर 29 तारिखदेखि जनवरी 3 तारिखसम्म काउन्टर (यसमा विशेष उपशाखा काउन्टर पनि पर्छ) मा बालबालिका भत्ताको आवेदन लिन सकिनेछैन। विद्युतिय माध्यमद्वारा आवेदन दिने तरिका जान्नको लागि ओता सहरको होमपेज हेर्नुहोस् अथवा तल लेखिएको ठाउँमा सम्पर्क गर्नुहोस्। डिसेम्बरमा जन्मिएको बच्चा वा घर सरेको व्यक्तिको आवेदन म्याद निम्न अनुसार रहेको छ।

| सरेको मिति (नोट 1) | "जनवरीमा भुक्तानी सुरु" गर्नको लागि आवेदन म्याद (नोट 2) |
|---|---|
| डिसेम्बर 1~13 तारिख | डिसेम्बर 28 तारिखसम्म<br>विद्युतिय माध्यमद्वारा आवेदनको खण्डमा, डिसेम्बर 31 तारिखसम्म |
| डिसेम्बर 14~20 तारिख | जनवरी 4 तारिखसम्म |
| डिसेम्बर 21~31 तारिख | सरेको मितिको भोलिपल्टदेखि गनेर 15 औं दिन<br>(15 औं दिन शनिबार, आइतबार वा सार्वजनिक बिदा आदि परेको खण्डमा, त्यसपछि कार्यालय खोलिने दिन) सम्म |

(नोट1)
जन्मेको मिति, यो भन्दा पहिले बसोबास गरेको ठाउँको "घर सर्ने आवेदन" मा लेखिएको "भुक्तानी प्राप्त गर्ने योग्यता भएको व्यक्ति" को योजना गरिएको घर सर्ने मिति आदि।
(नोट2)
हुलाकबाट पठाउने खण्डमा, बाल चिकित्सा कर्मचारीले प्राप्त गर्नुपर्ने मिति

**भुक्तानी सुरु गरिने महिना**

सामान्यतया आवेदन दिएको महिना पछिको महिनाको भत्ताबाट भुक्तानी गरिनेछ। तर, सरेको मिति पछिको महिनामा आवेदन दिएको खण्डमा पनि, सरेको मितिदेखि 15 दिन भित्रमा आवेदन दिएमा, आवेदन दिएको महिनाको भत्ताबाट भुक्तानी गरिनेछ। संलग्न गर्नुपर्ने कागजातहरू पछि पेस गरेपनि हुने हुनाले, सकेसम्म छिटो आवेदन दिनुहोस्।

**आवेदन दिने ठाउँ तथा सम्पर्क**

बाल सेवा सहायतता शाखा, बाल चिकित्सा कर्मचारी
☎ 03-5744-1275 FAX 03-5744-1525
E-mail t-kod-ko@city.ota.tokyo.jp
URL https://www.city.ota.tokyo.jp/seikatsu/kodomo/teate/jidouteate/jidou.html

# काचु काइस्यु स्मारक भवन विशेष प्रदर्शनी

**"लोकप्रिय बुढेसकालका काइस्यु –सुइबान (बेसिन) र पुरानो कागजातबाट देखिने कुराहरू–"**

सेन्जोकुइकेमा लेखिएको कविता किमुरा काइस्यु



काचु काइस्युको सालिकको तस्विर (बुढेसकाल)



सेन्जोकुइके पोखरीको किनारमा भएको पूज्य काइस्युको समाधि अगाडि सुइबान (बेसिन) छ। यो 50 जना दाताद्वारा स्वर्गीय काइस्युलाई समर्पण गरिएको सुइबान (बेसिन) हो। यो प्रदर्शनीमा सुइबान (बेसिन) को समर्पणमा संलग्न व्यक्तिहरूसँग सम्बन्धित कागजातहरूबाट बुढेसकालका काइस्युको अरूसँगको सम्बन्धबारे जानकारी दिइन्छ। सुइबान (बेसिन) को समर्पणसँग सम्बन्धित कागजात र कानरिन-मारुमा काइस्युसँगै अमेरिका गएका किमुरा काइस्युले सेनजोकुइकेको छुट्टि मनाउने घरमा लेखेको खान्सी (शास्त्रीय चीनियाँ कविता) आदि, ओता सहरसँग मात्र भएका सामग्रीहरू पनि प्रदर्शन गर्ने योजना गरेका छौं।

**कहिले**

2020 साल डिसेम्बर 11 तारिख (शुक्र)~2021 साल मार्च 14 तारिख (आइत)
■भवन खुला रहने समय: 10:00 am~6:00 pm
*सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट), वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको अवधि बाहेक

**कहिले**

काचु काइस्यु स्मारक भवन

**शुल्क**

■भवन प्रवेश शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

**सम्पर्क**

☎ 03-6425-7608 FAX 03-6425-7610
E-mail kaishu@city.ota.tokyo.jp
URL https://www.city.ota.tokyo.jp/shisetsu/hakubutsukan/katsu_kinenkan/index.html

# अनलाइनमा सिक्न सकिने जापानी भाषा

नोभल कोरोना भाइरस (कोभिड 19) को असरले गर्दा, कक्षाकोठामा जम्मा भई प्रत्यक्ष गरिने जापानी भाषाको क्लास वा जापानी भाषा विद्यालय आदि बन्द भएको कारण धेरैलाई जापानी भाषा अध्ययन गर्न समस्या भइरहेको हुन सक्छ। कोरोना महामारी फैलिरहेको हालको परिस्थितिमा, घरमै बसेर अनलाइनमा जापानी भाषा सिक्न सकिने वेबसाइट र एप्लिकेशन सम्बन्धी जानकारी दिन चाहन्छौं। अवश्य पनि प्रयोग गर्नुहोस्।

**चुनागारु-हिरोगारु जापानी भाषामा जीवनयापन (सांस्कृतिक मामिला एजेन्सी)**

**यासासी निहोन्गो कुराकानी क्लास (सञ्चालक: NHK)**

**NHK NEWS WEB EASY (सञ्चालक: NHK)**

**जापानी भाषा अध्ययन सहयोग एप्लिकेशन "TOBIRA" (सामग्री उपलब्ध: रिचुमेखान एशिया प्रशान्त विश्वविद्यालय, भाषा शिक्षा केन्द्र)**

यो एप्लिकेशनमा "गेम" खेलेको जसरी जापानी भाषा सिक्न सकिन्छ। App Store अथवा Google Play मा "TOBIRA" लेखेर खोजी, इन्स्टल गर्नुहोस्।

**"एरिनको च्यालेन्ज! म जापानी भाषा बोल्न सक्छु। " कन्टेन्ट लाइब्रेरी (सञ्चालक: जापान फाउन्डेसन, जापानी भाषा अन्तर्राष्ट्रिय केन्द्र)**

**JF निहोन्गो इ-लर्निङ मिनातो (सञ्चालक: जापान फाउन्डेसन, खान्साइ अन्तर्राष्ट्रिय केन्द्र)**

**NIHONOGO इ-ना (सञ्चालक: जापान फाउन्डेसन, खान्साइ अन्तर्राष्ट्रिय केन्द्र)**



# बिच भलिबल कोर्ट निशुल्क खुला गरिने दिन

के तपाईं कपास जस्तो सेतो न सेतो बालुवामा बिच स्पोर्टस् खेलेर रमाइलो गर्न चाहनुहुन्छ? हामीले बिच भलिबलको मुख्य कोर्ट निशुल्क खुला गरिरहेका छौं। बिच टेनिस, बिच भलिबल आदिको खेल्ने सामग्री पनि भाडामा दिइन्छ। साथै इच्छुकहरूलाई बिच स्पोर्टस्को लेक्चर पनि दिइन्छ। अग्रिम आवेदन बिना नै जसले पनि भाग लिन सक्ने हुनाले सङ्कोच नमानीकन भाग लिनुहोस्।



| | |
|---|---|
| कहिले | · जनवरी 8 तारिख (शुक्र), 17 तारिख (आइत), 29 तारिख (शुक्र)<br>· फेब्रुअरी 12 तारिख (शुक्र), 21 तारिख (आइत)<br>· मार्च 2 तारिख (मंगल), 12 तारिख (शुक्र), 21 तारिख (आइत)<br>· बिहानको समय/ 10:00 am~0:00 pm<br>· अपरान्हको समय/ 1:00 pm~4:00 pm |
| कहिले | ओमोरी हिगासी वाटरसाइड स्पोर्टस् मैदान, बिच भलिबलको मुख्य कोर्ट<br>ओता सहर, ओमोरी हिगासी 1-37-1 |
| शुल्क | निशुल्क |
| कति जना | 1 कोर्टमा 15 जना जतिसम्म। क्रमिक परिवर्तन गरिनेछ। |
| आवेदन दिने तरिका | सोही दिन स्पोर्टस् मैदानमा नाम लेखाउनुहोस् |
| सम्पर्क | खेलकुद प्रवर्द्धन शाखा (9:00 am~5:00 pm, शनिबार, आइतबार र बिदाको दिन बाहेक)<br>☎ 03-5744-1441 FAX 03-5744-1539<br>E-mail sports@city.ota.tokyo.jp<br>URL https://www.city.ota.tokyo.jp/seikatsu/manabu/sports/ivent/beach-volley-coat_muryou-kaihou.html |

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323